# स्थानीय राजपत्र

## कल्याणपुर नगरपालिकाद्धारा प्रकाशित

| | | |
|---|---|---|
| खण्ड ३ | संख्या ९ | मितिः२०७७।१०।२७ |

भाग -२

कल्याणपुर नगरपालिका

नेपालको संविधानको धारा २१५ बमोजिमको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७७ सालको कार्यविधि संख्या ९**

# आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धी मापदण्ड सहितको कार्यविधि, २०७७

प्रमाणिकरण मिति :- २०७७।१०।२७

अशक्त, असाह्य तथा दैवीप्रकोप पिडीत नगरवासीहरुलाई आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धी कार्यलाई अनुमान योग्य र मितव्ययी बनाई आर्थिक सहायता उपलब्ध गराउने कार्यमा एकरुपता कायम गर्नको लागि मिति २०७७।१०।१६ गते बसेको कल्याणपुर नगर कार्यपालिको बैठकले देहाय बमोजिम कल्याणपुर नगरपालिकाको अशक्त, असाह्य तथा दैवी प्रकोप पिडीतको लागि आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धी मापदण्ड सहितको कार्यविधि, २०७७ बनाई स्वीकृत गरेको छ ।

## १. अशक्त र असाह्य लाईउपलब्ध गराउनेआर्थिक सहायता :

१) कुनै पनि व्यक्ति वा परिवार अशक्त वा असाह्य भई आम्दानी गर्न नसक्ने भएको र निजलाई वा परिवारको कुनै सदस्यलाई कडा रोग (जस्तै मुटु रोग, क्यान्सर, मृगौला आदी) लागी उपचार गर्न नसक्ने भएको व्यहोरा वडा समितिको निर्णयको प्रतिलिपी सहित अध्यक्षबाट प्रमाणित भई आएमा र उक्त सिफारिसको साथमा कडा रोग लागेको प्रमाणित गर्ने कागजात संलग्न भएमा प्रति परिवार बढीमा भाडा वापत रकम रु.५,०००।-(अक्षरुपी पाँच हजार मात्र) र अन्य रोगमा औषधि उपचार*(नेपाल सरकारवाट कुनै सुविधा पाई नरहेको रोगमा)* माग गरिने गरिब परिवारका व्यक्तिलाई रु १००००।- (अक्षरुपी दश हजार मात्र) उपलब्ध गराईने छ ।

२) कुनै पनि व्यक्ति वा परिवार अशक्त वा असाह्य भई आम्दानी गर्न नसक्ने भएकोमा निजको वा निजको परिवारको कुनै सदस्यको मृत्यू भई लास उठाउन वा काज किरिया गर्न नसक्ने अवस्था भएको व्यहोरा वडा समितिको निर्णयको प्रतिलिपी सहित अध्यक्षबाट प्रमाणित भई आएमा प्रति परिवार बढीमा रकम रु.५,०००।-(अक्षरुपी पाँच हजार मात्र) उपलब्ध गराईने छ ।

## २. दैवी प्रकोप पिडीतलाईउपलब्ध गराउने आर्थिक सहयाता

१) कुनै पनि व्यक्ति वा परिवार दैवीप्रकोपमा (जस्तैः आगालागी, बाढीपहिरो, चट्याङ, महामारी, हावाहुरी) परी मृत्यू भई सो व्यहोराको निवेदन, सर्जमिन मुचुल्का सहितको प्रहरी प्रतिवेदन, वडा समितिको निर्णयको प्रतिलिपी र वडा कार्यालयको सिफारिस सहितका कागजात संलग्न गरी त्यस्ता व्यक्ति वा परिवारका सबैभन्दा नजिकका हकवालाबाट आर्थिक सहायता माग भई आएमा निजहरुलाई प्रतिव्यक्ति रकम रु. २०,०००।- (बीस हजार रुपैया) का दरले आर्थिक सहायता रकम उपलब्ध गराईनेछ ।

२) कुनै पनि व्यक्ति वा परिवारको घर दैवीप्रकोपमा (जस्तैः आगालागी, बाढीपहिरो, चट्याङ, महामारी, हावाहुरी) परी नष्ट वा नोक्सान भई सो व्यहोराको निवेदन, सर्जमिन मुचुल्का सहितको प्रहरी प्रतिवेदन, वडा समितिको निर्णयको

प्रतिलिपी र वडा कार्यालयको सिफारिस सहितका कागजात संलग्न गरी त्यस्ता व्यक्ति वा परिवारका सदस्यहरुले प्रचलित कानून बमोजिम आर्थिक सहायता माग गरेमा निजहरुलाई बढीमा १०,०००।- (दश हजार रुपैया) मा आर्थिक सहायता स्वरुप उपलब्ध गराईनेछ ।

३) न.पा.कार्यको शिलशिलामा पदाधिकारीलाई चोटपटक लागि उपचार गराउदा गराउदै मत्यु भएमा निजको सबभन्दा नजिकको हकवालालाई रु ५०००००।- ( अक्षरुपी पाँच लाख मात्र) उपलब्ध गराउने छ ।

४)नगरपालिका पदाधिकारीलाई कडा रोग वा अन्य रोग लागि उपचार गराएको अवस्थामा उपचार सम्बन्धी कागजातहरुको अधारमा तपसिल अनुसार सहयोग उपलब्ध गराईने छ ।

क)कडा रोग वा दुर्धना कारण अङ्गभङ्ग भएको अवस्थामा रु ७५०००(अक्षरुपी पच्हतर हजार मात्र) ।

ख)(क) वाहेकका अन्य किसिमको रोग लागि औषधि उपचारमा रु ४००००(अक्षरुपी चालिस हजार मात्र)

## ३. अन्य कार्यक्रम सम्बन्धी आर्थिक सहायता

१) कुनै पनि सभा, सम्मेलन, अधिवेशन जस्ता कार्यक्रमको लागि आर्थिक सहायता माग भई आएमा रकम रु. २,०००।- (दुई हजार) मा नबढ्ने गरी आर्थिक सहायता उपलब्ध गराईने छ । यस्ता कार्यक्रमको लागि सो भन्दा बाहेक कुनै पनि रकम उपलब्ध गराईने छैन ।

## ४. आर्थिक सहायता उपलब्ध नगराईने

१) यस मापदण्डमा उल्लेख भए देखि बाहेक कुनै पनि आर्थिक सहायता उपलब्ध गराईने छैन ।

आज्ञाले
जय प्रसाद दास
प्रमुख प्रशासकीय अधिकृत